# नील हिरा समाज
# BLUE DIAMOND SOCIETY

BLUE DIAMOND SOCIETY
Nepal

जि. प्र. का. काठमाण्डौ द.नं : १५४/१३३९ साल २०५८/०५/२७
स.क.प.द.नं : १२६२०
स्थायी लेखा न. : ३०१७६०१५९
संस्थाको ठेगाना : धुम्बाराही ४ काठमाण्डौ


Ref No. 13/2024

नील हिरा समाज नेपाल २०५८

मिति : २०८०।१२।१२

## विषय : प्रेस विज्ञप्ति

कैलालीको मोहन्याल गाउँपालिका वडा नम्बर ७ स्थित सोल्टाघयनकुरमा आफूलाई समलिंगी महिला बताउने राधिका विक(नाम परिवर्तन)लाई मिति २०८०।१२।११ गतेका दिन महिलासँगै बसेको आरोपमा निर्घात कुटपिट भएको घटनाप्रति नील हिरा समाजको गम्भीर ध्यानाकर्षण गरेको छ। परिवारका सदस्य सहित गाउँलेहरुले विकलाई सडकमा लछारपछार पार्दै निर्घात कुटपिट गरेको दृष्य सामाजिक संजालमा प्रष्ट देख्न सकिन्छ। एक व्यक्ति अर्को व्यक्तिसँगै बसेकै आधारमा न्यूनतम मानवियता समेत नराखि सारा परिवार र गाउँलेहरु मिलेर निर्घात कुटपिट गर्नु कहाँसम्मको लज्जास्पद र घृणित कार्य हो ? यस्तो घृणित र अपराधिक कार्यले नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय मात्र नभई, एक दलित र एक मानव माथि क्रुर व्यवहार भएको हाम्रो ठहर छ।

नेपालको संविधानको धारा १२, धारा १८ र धारा ४२ मा यौनिक तथा लैङ्गिक अल्पसंख्पयक समुदायको हक अधिकार सुनिश्चित गरिएको छ। समुदायका व्यक्तिहरुलाई आफ्नो व्यक्तिगत स्वतन्त्रतामा कुनै बन्देज नभएको कुरा संविधानले प्रष्ट पारेको छ। तर नेपाली समाज अझैपनि परम्परागत सोच र मुल्यमान्यताबाट ग्रसित हुँदा यस्ता किसिमका हर्कतहरु दोहोरिनुले मानव अधिकार र संविधानको मर्म माथि नै प्रहार भइरहेको नील हिरा समाजको निष्कर्ष छ। वि.क.माथि भएको कुटपिटको घटनाको घोर भर्त्सना गर्दै घटनाको सत्यतथ्य छानविन गरी दोषि उपर कडा कारवाही गर्न हामि जोडदार माग गर्दैछौं। साथै पिडित व्यक्तिको तत्काल उद्धार गरी आवश्यक उपचार र बाँच्न पाउने अधिकार सुनिश्चित गर्न सम्बन्धित निकायसँग माग गर्दछौं।

निवेदक

पिंकी गुरुङ्ग

अध्यक्ष

निल हिरा समाज काठमाण्डौ।


Dhumbarahi Marga, Dhumbarahi Height, Kathmandu-4, Nepal
Phone No: +977-01-4543350/4526653 Toll Free No: 1660-01-20140, Fax No: +977-1-4007726